# ११. श्री अम्बिकाप्रसाद अधिकारी

*[संवत् २०४८ सालको 'जगदम्बा-श्री' पुरस्कार श्री केदारमान व्यथितलाई र सोही सालको 'मदन पुरस्कार' 'पागलबस्ती' भन्ने ग्रन्थको लागि त्यसका रचयिता श्री सरुभक्तलाई समर्पण गर्न संवत् २०४८ आश्विन १५ गते रोज ५ का दिन आयोजित समारोहमा तत्कालीन बडागुरुज्यू श्री अम्बिकाप्रसाद अधिकारीले दिनुभएको प्रवचन। यो प्रवचन 'नेपाली' त्रैमासिक अङ्क १३२ बाट उद्धृत गरिएको हो।]*

सम्मानित अध्यक्षज्यू, समादृत पुरस्करणीय साहित्यिक महोदयहरू, आदरणीय सभ्य सभासद्हरू !

आजभन्दा चार वर्षअघि २०४५ साल आश्विन २८ गते शुक्रबार यही तिथिमा यहाँ उपस्थित हुने अवसर पाएको हुँ; यो वर्ष फेरि यही तिथिमा यहाँ उपस्थित हुन पाएँ। अहिले मलाई एकातिर विषादातिशयले अतिविह्वल पनि बनाइरहेको छ र अर्कोतिर हर्षातिरेकले अतिप्रफुल्ल पनि पारिरहेको छ। संसारको स्वरूप यही हो र मानवव्यक्तित्वका पाटाहरू यस्तै छन्। उहिलेदेखि आफूले महान् मानिरहेको व्यक्तित्व, नेपाली वाङ्मयको श्रीवृद्धिमा माथिल्लो स्थान पाएको यो गुठीका मूल प्रेरणास्रोत, पुण्यकीर्ति श्री केदारमणि आचार्य दीक्षितज्यूको दृश्य कलेवर अबदेखि स्थूलदृष्टिको गोचर हुँदैन भन्ने सम्झनाले मलाई विषाद विह्वल बनाएको छ। फेरि अर्कोतिर उहिल्यैदेखि आफूले प्रशंसा गरिरहेको अर्को व्यक्तित्व, स्वनामधन्य वरेण्य कवि श्री केदारमान व्यथितज्यूको यहाँ विशेष सम्मान र सभाजन भइरहेको छ भन्ने भावनाले मलाई आनन्दमा आप्लावित पारिरहेको छ। श्री केदारमणि आचार्य दीक्षितज्यूको आत्माले सर्वोपाधिविनर्मुक्त बनेर परम पद प्राप्त गरोस् भन्ने भगवान्सँग प्रार्थना गर्छु। श्री केदारमान व्यथितज्यूलाई परम दयालु भगवान्ले सुस्वास्थ्य तथा सुखशान्तिपूर्ण चिर जीवन प्रदान गरोस् भन्ने शुभ आशीर्वाद टक्र्याउँछु ।

परम पवित्र साहित्य सरस्वतीका उपासकहरूको यो समागममा सम्मिलित हुन पाएकोमा जति मीठो गौरवको अनुभव गरिरहेको छु, त्योभन्दा बढी मभित्रको अम्बिकाप्रसाद अधिकारीले कताकता अदबको, त्रासको, सङ्कोचको अनुभव गरिरहेको अनुभव पनि मलाई भैरहेको छ बोल्नुपर्ने भएकोमा, बोल्दा स्वभावतः पर्न जाने त्रुटि,

गल्ती र उचनीचको सम्झनामा। यसो हुँदाहुँदै पनि अम्बिकाप्रसाद अधिकारीभित्रको पनि भित्रको 'म' भगवान् श्रीकृष्णले अर्जुनलाई सिकाउनुभएको मन्त्रलाई सम्बल बनाएर आफूलाई निमित्त मात्रै मान्न सक्दा निर्लेप, त्यसैले 'तुल्यनिन्दास्तुति' र 'संतुष्टो येन केनचित्' को नजिकै पुगेको बुझेर अघि बढ्दै छु, काव्यका बारेमा आफ्नो अज्ञानसमेत देखाउन केही निवेदन गर्दै छु। मैले काव्यभन्दा मेरा पुर्खाको भाषामा गद्यपद्य दुवै विधाको साहित्यलाई जनाएको छु।

हाम्रो सनातन आर्यसंस्कृतिका मन्त्रसंहिता, आरण्यक, उपनिषद्, ब्राम्हण, पुराण, धर्मशास्त्र, दर्शनशास्त्र, सूत्र, भाष्य आदि समग्र वाङ्मयमा कविको चर्चा छ। कवि शब्दले प्रथमतः परमेश्वर तत्त्वलाई बुझाउँछ। 'बहुस्याम्' धेरै बनौं भन्ने कामना र कल्पनाबाट 'स ऐक्षत लोकान् नु सृजा इति' लोकहरूको सृष्टि गरौं भन्ने ईक्षणबाट स्वयं अद्वैत एक परमतत्त्व अनन्त बन्यो, नानात्वमय अनन्तमा अनन्तै बनेर देखियो; त्यो अनन्तमा एक मात्र अनन्तर, अबाह्य, अपार, सच्चिदानन्दघनरूपमा स्वयं रह्यो। जसले अनन्तभेदभिन्न लोकहरूको सृष्टि गऱ्यो; ती अनन्त भेदभिन्नतामा सदा अभिन्न तत्त्वको रूपमा जो आफू रह्यो, भिन्न देखिँदा पनि परमार्थमा अभिन्न स्वरूपैले रह्यो- त्यो परमेश्वर हो। जो अनन्तभेदभिन्न जगत्को, अनन्तकोटिब्रह्माण्डको एक मात्र अधिष्ठान बनेको छ, जसमा यो सबै वैविध्य देखिन्छ, रहन्छ र हराउँछ– त्यो परमेश्वर हो। यो परमेश्वर कवि हो। यसकै दर्शनबाट, ईक्षणबाट, इच्छाबाट जगत्को सृष्टि भएको हो; यो सृष्टि परमेश्वरको कविता हो, महाकाव्य हो; अनन्त महाकाव्यगर्भित महामहाकाव्य हो। परमेश्वर कवि हो, महाकवि हो, महामहाकवि हो। शुक्ल यजुर्वेदले चालीसौं अध्यायको आठौं मन्त्रमा भनेको छः–

"कविर्मनीषी, परिभूः, स्वयंभूर्याथातथ्यतोऽर्थान् व्यदधाच्छाश्वतीभ्यः समाभ्यः"। कवि मनीषी हो, मनको मालिक हो, मनलाई अधीनमा राख्ने शक्ति यसमा हुन्छ; यसले लोकको मन जित्न सक्छ; यसले समाजलाई बनाउन सक्छ, सुधार्न सक्छ, समाजमा चाहेको परिवर्तन ल्याउने, समाजलाई गतिको दिशा देखाउने, मोड्ने शक्ति कविमा हुन्छ। कविमा प्रतिभा हुन्छ, उर्वर बुद्धि हुन्छ, स्मृति हुन्छ, धारणा हुन्छ।

ऋषि यावाश्वले कविलाई सविताको रूपमा, सवितालाई कविको रूपमा देखेका छन्; उनको त्यो दिव्य दर्शन ऋग्वेदका पाँचौं मण्डलको एकासीयौं सूत्रमा स्पष्ट भएको छ। कवि विश्वरूप हो, यसले जुन रूपको पनि दर्शन गर्न गराउन, प्रवेश गर्न गराउन सक्छ। कविले आफ्नो कृतिबाट, सत्सङ्कल्पबाट मानवप्रभृति द्विपादको र गोमेषादि चतुष्पादको कल्याणप्रसवन गर्छ । यस्तो प्रसवन अर्थात् सृष्टि गर्ने हुनाले कवि सविता हो, सृष्टिकर्ता हो; सृष्टिकर्तामा पनि वरेण्य सृष्टिकर्ता हो। प्रजापतिको सृष्टिमा रहेको अभद्रलाई पनि शमन गर्ने तागत कविमा हुन्छ। यसको ख्याति कुनै एक स्थानमा मात्र सीमित हुँदैन, भूर्लोकबाट स्वर्लोकसम्म फैलिन्छ। कविको भावनाले, कल्पनाले, ज्ञानले देशकालको सीमालाई नाघ्छ "वि नाक मख्यत्"। कविले दुःख

नभएको ठाउँमा पुऱ्याइदिन्छ। कविका पाइला-पाइलामा उषा पछि लाग्छ। कविको दृष्टि जहाँजहाँ पुग्छ त्यहाँत्यहाँ अन्धकारको निमेष हुन्छ; नूतन जागृतिको, नव चेतनाको उन्मेष हुन्छ, सुनौलो प्रभात फुल्कन्छ, "अनुप्रयाण मुषसो विराजति"।

१. ॐ विश्व रूपाणि प्रतिमुञ्चते कवि:प्रासावीद भद्रं द्विपदे चतुष्पदे विनाकमख्यत्
सविता वरेण्यो ऽ नु प्रयाण मुषसो विराजति।

२. यस्य प्रयाण मन्वन्य इद् ययु र्देवा देवस्य महिमान मोजसा
य: पार्थिवानि विमभे स एतशो रजांसि देव: सविता महित्वना।

३. उतेशिषे प्रसवस्य त्व मेक इ दुत पूषा भवसि देव धामभि
उते दं विश्वं भुवनं विराजसि इयावाश्व स्ते सवित: स्तोम मानशे।

वेदले कविलाई परमात्मा, जीवात्मा, सूर्य एवं ज्योतिस्तत्त्वको रूपमा लिएको छ; यिनीहरूको वर्णनमा उत्प्रेक्षा गरेको छ; यिनीहरूको परस्पर अभिन्नता ध्वनित गरेको छ। वेदले देखाएको मार्गकै पछिपछि अनुसरण हुँदै आयो। वेदले दिएकै प्रकाशमा कविको, काव्यको लक्षण, व्याख्यान एवं प्रतिपादन गरिँदै आयो।

*"नानृषि: कविरित्युक्तमृषिश्व किल दर्शनात्*
*विचित्रभाव धर्मांश तत्त्व प्रख्या च दर्शनम्।"*

जो ऋषि हैन त्यसलाई कवि भन्नुहुन्न; जसमा दृष्टिशक्ति छैन त्यो ऋषि हुँदैन। जस्मा नयाँनयाँ, थरीथरीका उचित भाव, रस, गुण अलङ्कार, वृत्ति, शैली, भङ्गी, ध्वनि, सौशब्द्य, अर्थहरू फुर्दैनन्; त्यो दर्शन हुँदैन। नयाँनयाँ, ऊर्वर स्फुरणलाई काव्यशास्त्रमा 'प्रतिभान' भन्ने चलन छ। कविमा सामान्यत: चार विशिष्टता हुनै पर्छ– ज्ञान, दर्शन, प्रतिभान र सर्जन। ज्ञाता, द्रष्टा, प्रतिभाता र स्रष्टालाई कवि भन्न सकिन्छ। ज्ञाता मात्रै छ भने विद्वान् हुन सक्छ; द्रष्टा मात्रै छ भने ऋषि हुनसक्छ। सृष्टि नभए पनि दृष्टि छ भने ऋषि बन्छ; दृष्टि, सृष्टि नहुँदा पनि ज्ञान छ भने विद्वान् हुन्छ; दृष्टि, सृष्टि र ज्ञान भएर पनि प्रतिभान छैन भने वर्णयिता मात्र बन्छ। कवि हुन ज्ञाता, द्रष्टा, स्रष्टा र प्रतिभाता हुनैपर्छ। कविमा ज्ञानशक्ति, दृष्टिशक्ति, प्रतिभानशक्ति र सृष्टिशक्तिको सन्तुलित समन्वय हुनुपर्छ, समञ्जस सामरस्य हुनुपर्छ।

'कवि' शब्द 'कवृ' धातुबाट बन्छ। सो धातुको अर्थ पाणिनिले 'वर्ण' मानेका छन्। 'वर्ण' को अर्थ वर्णन या बयान मात्र मान्नेले बरवाद गरेका छन्। वर्णको अर्थ सिङ्गार्नु पनि हो, सुन्दर तुल्याउनु हो, रङ भर्नु पनि हो; रसभावहरूले रसित र भावित बनाउनु पनि हो; भावनाको र कल्पनाको रङ चढाउनु पनि हो। यस्ता सबै तत्त्वको ज्ञाता, उपयोक्ता र प्रयोक्ता कवि बन्न सक्छ। प्रतिभा र व्युत्पत्तिको बलबाट अघि बढ्न सक्ने व्यक्तित्व कवि बन्छ। कवि बन्ने उत्साह उठ्नु राम्रो हो। उत्साह र प्रेरणा जाग्दैमा कवि बनिहालिनेचाहिँ हैन। काव्यजगत्मा अघि बढ्न समाजलाई बुझ्नुपर्छ, यथार्थलाई जान्नुपर्छ, आदर्शलाई ठम्याउनुपर्छ।

भावात्मक वा भौतिक वस्तुको बिम्बाघातबाट उदबुद्ध भएको संवेदना अन्त: करणको वृत्तिद्वारा भावरूपमा परिणत हुन्छ। भावनाको एकतानता, धारावाहिता र तीव्रताले विन्दुरूपको भावलाई विस्तृत गराउँछ र मनुष्यको समस्त व्यक्तित्व भावमय वन्छ। यो अवस्थामा हृदय विस्तृत भावको उपभोग गर्न सक्तैन र कुनै न कुनै निर्गमपथद्वारा वाहिर निकाल्न बाध्य हुन्छ। यो स्थितिमा मानिस जब वाणीलाई निर्गमपथ बनाउन खोज्छ र शब्दको साँचोमा आफ्ना भावलाई ढाल्छ अनि काव्यको सृष्टि हुन्छ। काव्यकारको काव्यकारिता नै आफ्नो भावमय हृदयलाई शब्दको साँचोमा ढालेर स्थिर गर्ने प्रयत्नमा सफल हुनु हो। अत: काव्य भावको शब्दात्मक मूर्ति हो, भाव संवेदनाको उन्नीत परिणाम हो र संवेदनाको उद्‌बोधक बाहिरी संसारका प्रतिक्रिया पनि हो भन्ने बुझ्नुपर्छ।

बाह्य जगत्‌को यथार्थ वा सत्य काव्यलाई मान्य भएको हुँदा त्यसको प्रतिक्रियाबाट उत्पन्न भएको स्वस्थ भावनात्मक प्रतिक्रिया पनि काव्यमा सत्य मानिन्छ। कल्पनाचाहिँ मनको वृत्ति हो। भावनाको सत्यरूपमा स्पष्ट प्रतीति गराउनको लागि कल्पनाको खाँचो हुन्छ। व्यायामी स्वस्थ मनको कल्पनाले भावनालाई सुरक्षित गरेर उचित र सशक्त निर्गमपथद्वारा बाहिर पठाउने बन्दोबस्त मिलाउँछ। काव्यमा वास्तकिताको साथै कल्पनाको महत्ता र उपादेयता हुनाको अर्थ यही हो। कल्पनाको पखेटा हाल्दाहाल्दै लोकसत्यलाई छोडेर पर जानुहुन्न। कल्पनाले हृदयले देखेको, लोकले पत्याउने भावनालाई यथार्थको घेराबाट पर नलगीकन ठीकठीक किसिमसँग अभिव्यक्त गर्ने योजना बनाउने कौशल सीप हो, कला हो। सत्यलाई मीठोसँग, रमाइलोसँग, सजिलोसँग बोध्य बनाउने काम कल्पनाको हो। यसै प्रसङ्गमा अलङ्कारको, गुणको, भङ्गीमणितिको आविर्भाव हुन्छ। यस्ता सबै अङ्गउपाङ्गहरूको सन्तुलित, समुचित सामरस्य भयो भने काव्य सफल हुन्छ। यस्तो सामरस्यसीमाको उच्छृङ्खल अतिक्रमण भयो भने बरबाद हुन्छ।

काव्यसंसारमा साधारणीकरणको महिमा सर्वोपरि छ भन्ने मेरो मत छ। काव्य आत्मपरक मात्र हुन सक्तैन, हुनुहुन्न। काव्यकार प्राणिशून्य जगत्‌को एकमात्र कमलमा प्रादुर्भूत स्वयम्भू हैन; ऊ त हो समाजबाटै प्रसूत र समाजकै एक अंश। ऊ समाजमा नै जन्मन्छ, हुर्कन्छ। उसको भावजगत् समाजभित्रका घातप्रतिघातबाट नै बन्दै आउँछ। मीठानमीठा, तीतापीरा अनुभव संस्कारहरू उसको कोमल हृदयमा जम्मा हुँदै जान्छन् र उसलाई उकुसमुकुस हुन्छ। अनि ऊ आफ्नै जस्ता चेत अरू सामाजिक साथीमा पनि छन् कि छैनन् छाम्न थाल्दछ, खोज्न थाल्छ, बुझ्न थाल्छ। समताको प्राप्तिले उसलाई अझ सामाजिक बनाउँछ र एकाश्रित भावलाई अनेकाश्रित भएको बुझ्न थालेपछि कवि हृदय छचल्किन थाल्छ र कलाकृतिको, काव्यको प्रादुर्भाव हुन्छ। चित्त नितान्त स्वच्छ र कोमल भएको मानव जनताका साधारण भावहरूलाई असाधारण रूपले लिन थाल्छ। ऊ लोकका साधारण भाववृत्तिहरूलाई आफ्ना

असाधारण भाववृत्तिमा घोलेर साधारणीकरण गर्न थाल्छ। यसरी काव्य संसारमा साधारणको असाधारणीकरण र असाधारणीकृतको साधारणीकरणको प्रक्रिया अनवरतरूपले चलिरहन्छ। यो प्रक्रियामा सफल भएको मानिस नै वास्तवमा सफल कवि बन्छ। पछि आउने पाठकका लागि लेखिएको मान्ने कविहरूले पछि पनि कवि आउँछन् भन्ने सत्यलाई बिर्सेका हुन्छन्। अहिलेकालाई उपेक्षा गरेर अघि बढ्ने कविलेखकहरू पछिकाबाट पनि उपेक्षित हुँदैनन् भन्ने के प्रमाण ? मेरो विचारमा नवीनताको, मौलिकताको प्रयोगको मोहमा ज्यादा परेर सामाजिक संस्कारलाई, सामाजिक भाव-धारातललाई, स्वस्थ सांस्कृतिक मूल्य मान्यताहरूलाई, सीमामर्यादाहरूलाई प्रहार गर्ने, विकृत पार्ने प्रयत्न गर्नु जाती हैन। किनभने कुकवि हुनुभन्दा अकवि हुनु बेस। कवि नबनेर, कविता नबनाएर अधर्म लाग्ने पनि हैन, मरिने पनि हैन, सजाय पाइने पनि हैन। तर कुकविता बनाएमा अधर्म पनि, दण्ड पनि हुन सक्छ; मृत्यु त हुन्छ, हुन्छ। मृत्यु सास फेर्न छोड्दा, प्राणवियोग हुँदा मात्र हुने हैन। समाजको कुभलो गर्ने, समाज संस्थामा हानि पुऱ्याउने, सामाजिक बन्धुको चरित्र बिग्रने काम गरेको छ भने सास फेर्दाफेर्दै पनि मान्छे मरिसकेको हुन्छ। कुकाव्यले समाजको हानि गर्छ, सामाजिक बन्धुको चरित्र बिगार्छ, स्वस्थ सांस्कृतिक धरातललाई खलबल्याउँछ; जातिको वर्तमानलाई मात्र हैन, भविष्यलाई पनि आघात पार्ने काम गर्छ।

*"वरमकवि र्न पुनः कुकविः स्यात्"*
*"कुकविता हि सोच्छ्वासं मरणम्।"*
*"नाकवित्व मधर्माय मृतये दण्डनाय च*
*कुकवित्वं पुनः साक्षात् मृति माहु र्मनीषिणः"।*

मेरो कुरा कतैकतै नमीठा पनि लाग्लान्। दुर्बोधचाहिँ छैनन्। तर अहितकार चाहिँ अवश्यै छैनन्। हितसहित हुनु पनि साहित्य शब्दले दिएको वास्तव अर्थ हो। अहित प्रिय भए पनि सुन्न नपरोस्। अप्रिय भए पनि हित नै सुन्न पाइयोस्, भन्न पाइयोस् "भद्रं कर्णेभिः शृणुयाम देवाः" हामीले गर्ने प्रार्थना यही हो।

*"हितं मनोहारि च दुर्लभं वचः।"*
*"सुलभाः पुरुषा राजन् सततं प्रियवादिनः*
*अप्रियस्य च पथ्यस्य वक्ता श्रोता च दुर्लभः।"*

उचनीच परेकोमा चाहिँ विनयसँग क्षमा माग्छु, उदारतासँग दिनुहुनेछ।

यो समागममा पुरस्करणीय दुई व्यक्तित्व विशेषतः हामी सबैको दृष्टिकेन्द्र हुनुहुन्छ, उपरिप्रतिष्ठापित हुनुहुन्छ। कति मीठो संयोग, पितामहस्थानीय श्री व्यथितज्यूको र पौत्रस्थानीय श्री सरुभक्तज्यूको सँगसँगै सम्मान हुन लागेको छ, समुज्ज्वलतर प्रदीपको र त्यसै प्रदीपबाट प्रवर्तित दीपको सँगसँगै पूजा अर्चना भए जस्तो। प्रकाश प्रकाशै हो; मात्राको, तारतम्यको धेरै अन्तर भए पनि तत्त्व उही हो, जाति उही

हो। दुवैलाई शुभआशीर्वादसहित अभिनन्दन गर्छु। आज यहाँ प्रदान गरिएको एक पुरस्कारले श्री व्यथितज्यूबाट बढी प्रतिष्ठा पाएको छ भने अर्को पुरस्कारले श्री सरुभक्तज्यूको इज्जत बढाएको छ। व्यथितज्यू अरूलाई अझ बढी प्रेरित गर्दै, सरुभक्तज्यू अझ पुरस्कृत बन्दै अघि बढ्न सफलता प्राप्त गर्नुहोस्। मेरो यही सद्भाव छ, शुभेच्छा छ।

आफ्नो समयमा धनकुबेर मानिने, नेपालका सर्वोपरि चर्चित प्रधानमन्त्री, श्री ३ महाराज चन्द्रशमशेर ज.ब.राणाका श्री ३ कान्छा बडामहारानीतर्फका कान्छा छोरा र बुहारीको विशद कीर्तिस्तम्भ 'मदन पुरस्कार'का पछाडि अनेक साहित्यिक पुरस्कार स्तम्भ खडा हुँदै आएका छन्। 'सीताराम साहित्यिक प्रतिष्ठानको' सीताराम पुरस्कारको र ललिता काव्यपुरस्कारको प्रतिष्ठापन रूपी अर्को महान् साहित्यिक कीर्ति स्तम्भ खडा भएको सुसमाचार सुन्न पाउँदा हामीलाई जति प्रसन्न बनाएको छ। यो मदन पुरस्कार गुठीलाई अझ बढी प्रसन्न बनायो होला, आफ्नै अनुजको रूपमा साधारण जनस्तरबाट यो कार्य भएकोमा।

क्या हो, क्या हो, यौटा विचित्र संयोग, 'मदन पुरस्कार'का स्थापक रानीसाहेब श्रीजगदम्बाको अवसान भएको वर्ष म निमन्त्रित भएको थिएँ। चार वर्षपछि श्री जगदम्बालाई पनि प्रेरणा दिनुहुने महान् व्यक्तित्व श्री केदारमणि आचार्यज्यूको निर्वाण भएकै वर्ष म निमन्त्रित भएछु। त्यो वर्ष मैले 'जगदम्बा-श्री' पुरस्कारको स्थापना भएकोमा साधुवाद टक्र्याएको थिएँ। यो वर्ष उहाँका पितृभक्त सुपुत्रहरूलाई श्री केदारमणिसम्बन्धी पुरस्कारको स्थापना गर्ने प्रयत्नमा पूर्ण सफलता मिलोस् भन्ने शुभआशीर्वाद टक्र्याउँछु।

यौटा कुरा, गुठीले केही कुरामा पुनर्विचार गर्ने बेला आएछ भन्ने मलाई लागेको छ। त्यसका अनेक कारणमध्ये आज यौटा कारण टड्कारो भएको छ। कवि व्यथितको काव्य साधनाका बारे लेखिएको कृतिले पुरस्कार पाएको कति वर्षपछि कवि व्यथितको कवित्व यही गुठीबाट पुरस्कृत हुनु– यद्यपि पुरस्कार फरक हो– मार्मिक विषय हो भन्ने मलाई लागेको छ।

यो समागममा उपस्थित भई यति निवेदन गर्ने सुअवसर पाएकोमा आयोजक संस्थालाई, मेरा सभाजनीय श्री कमलमणि आचार्य दीक्षितज्यूलाई, मेरा बालसहपाठी श्री विष्णुप्रसाद घिमिरेज्यूलाई यथायोग्य कृतज्ञता, साधुवाद र धन्यवाद टक्र्याउँछु। अन्त्यमा पुरस्कारबाट अहिले नै विभूषित हुनुहुने कविवर श्री केदारमान व्यथितज्यूलाई तथा श्री सरुभक्तज्यूलाई शुभआशीर्वादका साथ बधाई टक्र्याउँछु, शुभम्!

☒ ☒ ☒